म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २६० बुधबार १९ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 1 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## डलर देखाएर ठगी गरेको आरोपमा एकजना पक्राउ

हेटौंडा, १८ वैशाख/अमेरिकन डलर देखाई नेपाली रुपैयाँ ठगि गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले एकजनालाई प्रक्राउ गरेको छ । पक्राउ पर्नेमा सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-३ बस्ने ३५ वर्षीय डिलबहादुर भण्डारी रहेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार वैशाख १६ गते बिहान ८ बजेको समयमा रौतहट गुजरा नगरपालिका-२ घरभई हाल चितवन भरतपुर महानगरपालिका-१० नारायणघाट बस्ने ३८ वर्षीय खेमराज पौडेललाई सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-३ का भण्डारीले आफूसित ४१ हजार ५० अमेरिकन डलर छ नेपाली रुपैयाँमा साट्नु पऱ्यो भनि विश्वास दिलाई हेटौंडा-१२ आल्दमार स्थित भाइरल पुलमा बोलाएका थिए । यो सूचना पाएपछि प्रहरी टोलीले भण्डारीलाई फेला पारी रीतपूर्वक खानतलासी गर्दा अमेरिकन डलर ५० को ९ थान, नेपाली २० को ५८० थान, मोवाइल ४ थान, बागमती प्रदेश ०२-०४९ प ३१२५ नं. मोटरसाइकल समेत फेला पारेको थियो ।

# हेटौंडा उपमहानगरको आफ्नै पाठ्यक्रम निर्माण, प्रअ व्यवस्थापन गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ हेटौंडा उपमहानगरपालिकाले स्थानीय पाठ्यक्रम 'हाम्रो हेटौंडा' स्वीकृत गरी शैक्षिकसत्र २०८१ बाट उपमहानगर क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम लागू गर्ने निर्णय गरेको छ । उपमहानगरको ४३ औं कार्यपालिका बैठक यो निर्णय गरेको हो ।

यसको प्रभावकारी अनुगमन गर्ने जनाइएको छ । यसअघि मकवानपुरमा सबैभन्दा पहिला राक्सिराङ गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरेको थियो । थाहा नगरपालिका, मनहरी गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, भीमफेदी गाउँपालिकाले पनि स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरेका छन् । राक्सिराङ गाउँपालिकाले स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक पनि तयार गरेको बताइएको छ ।

राक्सिराङ गाउँपालिकाले कक्षा १ देखि ४ सम्मको पाठ्यपुस्तक दुइवर्ष छफाई गरी बितरण गरेर लागू गरेको थियो । कक्षा ५ देखि ८ सम्मको पाठ्यपुस्तक भने गतवर्षदेखि छपाएर बालबालिकालाई बितरण गरेको थियो । हेटौंडा उपमहानगरले स्थानीय पाठ्यक्रम संस्थागत र सामुदायिक विद्यालयमा लागू गर्ने निर्णय गरेको छ । पाठ्यपुस्तक तयारी भने गरेको छैन ।

उपमहानगरको ४३ औं कार्यपालिका बैठकले अघिल्लो बैठकमा भएका निर्णयको कार्यान्वयनका सम्बन्धमा समीक्षा गरेको बताइएको छ । हेटौंडा उपमहानगरलाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने क्रममा हालसम्म भएको प्रगतिको जानकारी गराउँदै वडा नं. ३ र १२ को बालबालिकाको लागि पञ्चवर्षीय आवधिक योजना २०८०/८१ देखि २०८४/८५ स्वीकृत गर्ने निर्णय गरेको नगरप्रवक्ता सबिन न्यौपानेले जानकारी दिए ।

हेटौंडा उपमहानगर क्षेत्रभित्र वडा नं. ८ को कि.नं. २५७ को क्षेत्रफल १२-९-१० विगाह जग्गामध्ये ५ बिगाह जग्गा सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे. क्वा. मकवानपुरको लागि माग भएको, इलाका प्रहरी कार्यालय नेवार पानीको भवन निर्माणको लागि हेटौंडा उपमहानगरपालिका वडा नं. १९ को प्रहरी कार्यालय नेवारपानीको हाताभित्र रहेको अन्दाजी ०-८-० जग्गा उपलब्ध गराउने निर्णय भएको छ ।

त्यसैगरी हेटौंडा उपमहानगरअन्तर्गतका वडा नं. ५ र १६ को वडा कार्यालय भवन नभएको हुँदा सेवाप्रवाहलगायत विषय छिटोछरितो सम्पादन गर्न, वर्षेनी वडा कार्यालयको भाडामा भएको खर्च कटौती गर्नु पर्ने भएको हुँदा वडा नं. ५ को १३६८ को २-१-१५ जग्गा र वडा नं. १६ को कि.नं. ६५५८ को ज.वि. १-१६-०१/२ जग्गामा वडा कार्यालय भवन निर्माणको लागि जग्गाको प्राप्ति तथा भोगाधिकारको लागि प्रचलित कानून बमोजिमको प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ ।

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि हेटौंडा उपमहानगरको विभिन्न वडामा डिपिआर भएका योजना सहरी विकास तथा भवन निर्माण कार्यालयबाट सञ्चालन हुने गरी बागमती प्रदेश सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरेको छ । उपमहानगरलाई आवश्यक रहेका हेटौडा उपमहानगरपालिका पूर्वनिर्मित भवन अभिलेखीकरण तथा नियमित कार्यविधि २०८१, हेटौंडा उपमहानगरपालिका तयारी कक्षा एवम् भाषा शिक्षणसम्बन्धी निर्देशिका २०८१, हेटौडा उपमहानगरपालिका सामुदायिक विद्यालय दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि २०८१, हेटौडा उपमहानगरपालिका वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ कानून स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

आगामी आर्थिक वर्ष २०८१/८२ को लागि हेटौंडा उपमहानगरको आन्तरिक आय संकलन गर्नको लागि विभिन्न शीर्षकमा आय ठेक्का लगाउन राजस्व परामर्श समितिबाट भएको न्यूनतम अंकमा केही प्रतिशतले वृद्धि गरी आय ठेक्काको न्यूनतम अंक कायम गर्ने, हेटौंडा-६ कान्तिराजपथमा निर्माण भएका घरटहरा र पर्खाल सडक क्षेत्राधिकारभित्र परेको हुँदा सडक क्षेत्राधिकार कायम गरी पाउन स्थानीयवासीले दिएको निवेदन बमोजिम त्यस्ता सडक क्षेत्राधिकार भित्र परेका संरचना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनबमोजिम हटाई सडकको क्षेत्राधिकार कायम गर्ने निर्णय गरेको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

# बागमतीमा भाषा ऐन शुभारम्भ घोषणाको तयारी तीव्र

साझाकुरा संवाददाता




हेटौंडा, १८ वैशाख/ बागमती प्रदेशमा तामाङ र नेपाल भाषा सरकारी कामकाजको भाषाको रुपमा कार्यान्वयन गर्ने औपचारिक घोषणाको तयारी थालिएको छ ।

बागमती प्रदेश सरकारले मूलसमारोह समिति गठन गरी घोषणा पनि गरेको छ । यही वैशाख १२ गते बसेको बागमती प्रदेश सरकार मन्त्रिपरिषद् बैठकले बागमती प्रदेश सरकारी कामकाजी भाषा ऐन २०८० शुभारम्भ घोषणा गर्ने निर्णय गरेअनुसार त्यसको तयारी तीव्र पारिएको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले वैशाख २४ गते बिहान ९ बजे वसन्तपुरमा घोषणा गर्ने कार्यक्रम तय भएको बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यले जानकारी दिए । मन्त्री बज्राचार्यको संयोजकत्वमा ३०३ सदस्य रहेको मूलसमारोह समिति गठन गरिएको छ । काठमाडौंको खुसीबुमा आयोजित कार्यक्रममा ३०३ सदस्यीय मूलसमारोह समिति गठन गरी घोषणा गरिएको हो । समारोह समितिमा तामाङ भाषिक समुदायका तर्फबाट नेपाल तामाङ घेदुङका साथै अन्य तामाङ संघसंस्था र नेपाल भाषाको समुदायको तर्फबाट नेवाः देय् दबुका सदस्य रहेका छन् । प्रदेश सरकारले वैशाख २४ गते प्रदशेभर सार्वजानिक बिदा दिने र सोही दिन काठमाडौंको वसन्तपुरमा एक समारोह गरी कार्यान्वयनको औपचारिक घोषणा गर्ने निर्णय गरेको हो ।

सरकारको निर्णयअनुसार वैशाख २४ गतेका दिन नै प्रदेश सरकारका सबै मन्त्रालयको साइनबोर्ड नेपाली भाषा (देवनगरी), तामाङ भाषा (तामयिक) र नेपाल भाषा (रन्जना) मा लेखिएका राखिनेछन् । त्यसदिन बागमती सरकारले भाषा ऐन कार्यन्वयन आउने दिनको रुपमा सार्वजानिक बिदासमेत दिएकाले घोषणा समारोह सफल बनाउने तयारीमा लागेको नेपाल तामाङ घेदुङका सह-अध्यक्ष कुमारसिं घिसिङले बताए । उनकाअनुसार २४ गते घोषणा समारोह अघि काठमाडौंका विभिन्न स्थानबाट झाँकीसहितको ऱ्याली निकालिने छ ।

संविधानले दिएको अधिकार कार्यान्वयनका लागि बागमती प्रदेश सरकारले ऐन बनाएर कार्यान्वयन गर्न लागेकोमा धन्यवाद दिँदै सह-अध्यक्ष घिसिङले सबै जातजाति तथा भाषाभाषि समुदायलाई कार्यक्रममा सहभागी हुन अनुरोध गरेका छन् । बागमती प्रदेश सरकारले गतवर्ष कार्तिक २३ गते 'बागमती प्रदेश सरकारी कामकाजी भाषा ऐन २०८०' राजपत्रमा प्रकाशित गरेको थियो ।

# सहिद बासुदेवको प्रतिमा प्रहरी कार्यालयमै थन्कियो

साझाकुरा संवाददाता



हेटौंडा, १८ वैशाख/ दोस्रो जनआन्दोलनका सहिद बासुदेव घिमिरेको अर्धकदको प्रतिमा प्रहरी कार्यालयमा बेवारिसे अवस्थामा थन्किएको छ । मकवानपुरगढी गाउँपालिका-५, आमभञ्याङस्थित अस्थायी प्रहरीचौकी धादिङको फोहोर व्यवस्थापन कक्षमा सहिद बासुदेवको प्रतिमा वर्षौंदेखि अलपत्र अवस्थामा फेला परेको हो ।

गणतन्त्र स्थापनाका लागि बलिदान दिएका सहिद घिमिरेको प्रतिमा स्थापना गर्नुको सट्टा प्रहरीचौकीको फोहोर व्यवस्थापन कक्षमा वर्षौंदेखि फ्याँकिएको अवस्थामा फेला परेपछि उनका परिवारले गुनासो गरेका छन् । सहिद पिता कृष्ण घिमिरेले राष्ट्र र जनताका लागि छोराले दिएको बलिदानीको बदलामा राज्यले सम्मान गर्नुको सट्टा उल्टै अपहेलना गरेको भन्दै दुखेसो पोखे ।

मकवानपुरगढी गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ मा सहिद बासुदेवको प्रतिमा स्थापनाका लागि ५ लाख रुपैयाँ बजेट विनियोजन गरी काम अघि बढाएको थियो । तत्कालीन समयमा बासुदेव स्मृति प्रतिष्ठान स्थापना गरी स्थानीय बेदनाथ हुमागाईंको अध्यक्षतामा उपभोक्ता समितिसमेत गठन गरी यो कार्य अघि बढाइएको थियो । तर, पालिका र उपभोक्ता समितिले विभिन्न समस्या सहिद प्रतिमा स्थापनाको काम सम्पन्न गर्न नसकेको स्थानीय बताउँछन् ।

२०७८ सालमै सहिद प्रतिमा बनाएर उपभोक्ता समितिको जिम्मा लगाएका मूर्तिकारले लाखौं रकमको भुक्तानी हालसम्म पनि पाएका छैनन् । मकवानपुरगढी-५ का वडाध्यक्ष दीपेश दाहालले चाँडै सहिद बासुदेवको अलपत्र अवस्थामा रहेको प्रतिमा स्थापना गर्ने प्रतिक्रिया दिएका छन् ।

# भारतमा काम लगाइने भन्दै ठगी गरेको आरोपमा युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ भारतमा काम लगाइदिन्छु भनी ३ लाख ९६ हजार २८९ ठगी गरेको आरोपमा मकवानपुर प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बझाङ छविसपाथीभरा गाउँपालिका-४ बस्ने २५ वर्षीय सन्तोष थापा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीको अनुसार विभिन्न मितिमा भारतमा राम्रो आम्दानी हुने काम लगाईदिन्छु भनि मकवानपुर बकैया गाउँपालिका-५ बस्ने २६ वर्षीय सुरेश थिङसँग २ लाख ४ हजार २ सय ८९ र चितवन राप्ती नगरपालिका-४ भण्डारा बस्ने २९ वर्षीय रोशन घिमिरेसँग १ लाख ९२ हजार गरी जम्मा ३ लाख ९६ हजार, २ सय ८९ रकम ठगी गरेका थिए ।

भारतको मुजफरपुरमा लगेर भने बमोजिमको काममा नलगाई भागी हिडेको र खोजतलासको क्रममा वैशाख ११ गते हेटौंडा-१० स्थित बसपार्कबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । थापालाई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट ८ दिनको म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको बताइएको छ ।

# हेटौंडाका श्रमिकलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ मकवानपुरको हेटौंडा उपमहागनर पालिका-१३ र वडा नम्बर १४ का श्रमिकलाई सम्मान गरिएको छ ।

अन्तराष्ट्रिय श्रमिक दिवस (मे दिवस) को पूर्वसन्ध्यामा मंगलबार प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध रहेका ती श्रमिक कामदारलाई सम्मान गरिएको हेटौंडा उपमहानगरपालिकाले जनाएको छ । कार्यक्रम अन्तर्गत श्रमिकलाई खादा लगाएर सम्मान गरिएको थियो ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, हेटौंडा-१३ का वडाअध्यक्ष पेम्बा लामा र अन्य सरोकारवाला निकायका व्यक्तित्वको सहभागितामा सम्मान कार्यक्रम गरिएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9


Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats
25 Years of Excellence in Education
Celebrating Silver Jubilee
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
Hurry Up !
Seats are limited
Book your seat on time
App Store
Google Play
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# सामुदायिक विद्यालय सुधारको चुनौती

सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने बिषयमा निकै बहस हुने गरेको छ । तर, सुधार कहाँबाट सुरु गर्ने भन्ने बिषयमा अन्यौल छ । जनप्रतिनिधि, सरकारी कर्मचारी, शिक्षकका छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गर्नु पर्ने नीति पनि बनेका छन् । तर, जसले यो नियम बनाएको छ उसैले कार्यान्वयन गरिरहेको छैन । नियम बनाउँने र उल्लंघन गर्ने ब्यक्ति एकै भएपछि सुधार कहाँबाट हुन्छ ? २०२८ को शिक्षा ऐन देखाएर अव चल्नेवाला छैन । ऐन संशोधनले मात्र काम गर्दैन । नियामक निकायको कमजोरीका कारण समस्या ज्यूँका त्यूँ छ । पूरै संरचनागत परिवर्त गर्न आवश्यक छ । कक्षा १० को एसइइमा परीक्षा दिन आबेदन दिएका ३७ हजार परीक्षार्थीले परीक्षा दिएनन् । गत मंसिरमा परीक्षा फर्म भरेका विद्यार्थी चैतमा भएको परीक्षासम्म आइपुग्दा ३७ हजार जना परीक्षामा अनुपस्थित हुने समस्या चानचुने समस्या होइन । सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रमले विद्यार्थीमा उत्साह बढ्नु एउटा सानो उपलब्धी मान्न सकिएला । तर, अहिले १० कक्षा पढ्दै गरेको विद्यार्थी बाबुआमाले खेतमा धान रोपेको ठाउँमा अर्थात खेतको गरामा टेक्दैन । आलीसम्म पुग्ने मात्र हो । माटोमा कुल्चन उसलाई मन लाग्दैन । हामीले यही जनशक्ति उत्पादन गर्न खोजेका थियौं र ?

सामुदायिक विद्यालयमा विद्यार्थी भर्नामा घरदैलो गर्नुपर्ने आवश्यकताका बारेमा सरकार अझै संबेदनशील बन्न सकेको छैन । विद्यार्थीलाई विद्यालयमा ल्याउने भन्दा पनि विद्यालयमा आएका बालबालिकालाई राम्रोसँग केयर गर्न सकेको खण्डमा प्रभावकारी सिकाई हुनसक्छ । सरकारको नीतिमा केही सुधार गर्नु जरुरी छ । बालबालिकालाई घरमा खोज्न जाने भन्दा पनि विद्यालयमा आएपछिको अवस्थामा दिनुपर्ने संरक्षणमा ध्यान दिनु उपयुक्त हुने थियो । सामुदायिक विद्यालयमा सिकाईको अवस्था ज्यादै कमजोर छैन । मात्र बालबालिकाप्रतिको चासो र संरक्षणमा समस्या छ । सरकारले टोलैपिच्छे विद्यालय संचालन गरेर बढी उदारबादी नीति लिएको छ । नेपालको हरेक गाउँपालिकामा २ वटा मात्र विद्यालय संचालन गर्ने हो भने निजी विद्यालयमा भन्दा राम्रो सिकाइ उपलब्धी सामुदायिक विद्यालयमा हुनेछ । एउटा गाउँपालिकामा ३०/४० वटा विद्यालय खोलिएको छ सबै विद्यालयमा दर्बन्दी दिन सकेको छैन । दर्बन्दी अभावमा शिक्षक्ले प्रभावकारी काम गर्न सकेका छैनन् । 'बिग स्कूल' को अवधारणामा जाने हो भने दर्बन्दी बढी नै हुनेछ । हरेक पालिकामा २ वटा मात्रै विद्यालय संचालन गर्ने हो भने टाढाका बालबालिकालाई आवासीय सुबिधा उपलब्ध गराउने, होस्टेलमा निगरानीपूर्वक पढाउने, नजिकै तर, पैदलयात्रामा आउन नसक्ने विद्यार्थीलाई सडकको अवस्था हेरेर साइकल उपलब्ध गराउने, विद्यालय बसको ब्यवस्था गर्ने हो भने अहिले भइरहेको शिक्षा क्षेत्रको आधा लगानीले सबै विद्यालयको गुणस्तर निकै माथी पुग्छ । यो विषयमा बहस गर्न ढिलाई भइसकेको छ ।

कुनै समयमा गुरुकूल शिक्षापद्दति थियो । गुरुलाई नमस्कार होइन साष्टाङ्ग दण्डवत गरिन्थ्यो । समयकाल परिवर्तनसँगै गुरुकूलबाट कक्षाकोठामा अध्ययन गर्ने ब्यवस्था कायम भयो । पछिल्लो समयमा भयरहित शिक्षामा जोड दिइयो । जतिबेला शिक्षकको डरत्राश विद्यार्थीमा रहन्थ्यो त्यतिबेलासम्म विद्यार्थी अनुसाशित थिए । पछिल्लो समयमा विद्यार्थीमा अनुसाशन पटक्कै छैन र शिक्षकले पनि शिक्षकको कर्तब्य निर्वाह गर्न छाडेका छन् । यसो हुँदै गर्दा अभिभावकलाई आफ्नो नानीबाबुले सयमा सय अंक ल्याएको मन पर्न थाल्यो । जीवनउपयोगी सीपको भन्दा लब्धाङ्कपत्रको अंकको महत्व बढ्दै गयो र शिक्षा बेकारको चिज जस्तै बन्न पुग्यो । भनिन्छ समाज जटिलताबाट सरलतातिर अघि बढ्छ । तर, शिक्षा सरलतातिरबाट जटिलतातिर अघि बढिरहेको छ । स्नात्तक तह प्रथम श्रेणीमा उत्तीर्ण गरेको कतिपय विद्यार्थीलाई घरमा खाना पकाउन आउँदैन । बजारमा दैनिक उपभोग्य बस्तु खरिद गर्न जान्दैनन् । आफन्त, नातागोता, पाहुनापासा आएको समयमा सत्कार गर्न जानेका छैनन् । कागजरुपी प्रमाणपत्रमा 'ए प्लस' ल्याएको छ तर, ब्यवहारमा सून्य अंक आउने अवस्था छ । १२ कक्षा उत्तीर्ण गर्नेबित्तिकै औषत भन्दा राम्रा विद्यार्थी एनओसीका लागि लाइनमा बस्छन् र औषतभन्दा कमजोर विद्यार्थी खाडी मुलुकका लागि लाइनमा बस्छन् । यो अवस्थाको अन्त्य गर्न सरकारले शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्न जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख २० गते बिहीबार २ मे २०२४ । नवमी, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:२६, सूर्यास्त ६:३८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा कलह | **तुला** | : मानसिक अशान्ति |
| **वृष** | : यात्रामा बाधा | **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : अपजस पाइने | **मकर** | : उपचारमा खर्च बढ्ने |
| **सिंह** | : बौद्धिक कार्यमा बाधा | **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **कन्या** | : व्यवसायमा विवाद | **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# परम्परावादी बजेट ल्याउने कि क्रान्तिकारी ?



✍ सोमबहादुर थापा

**अर्थमन्त्रालय र राष्ट्रिय योजना आयोगले आउँदो वर्षका लागि अठार खर्वकै बजेट सिलिङ तोक्न पूर्वअर्थमन्त्रीहरूले सुझाएका छन् । तर पनि आउँदा वर्षमा पनि नेपाल सरकार सँग बजेट खर्च हुने क्षमता अभिवृद्धि हुने लक्षण देखिँदैन ।**

अर्थमन्त्री वर्षमान पुन शालीन अर्थमन्त्रीमा गनिनुहुन्छ । दोश्रोपटक अर्थमन्त्रीको जिम्मेवारी पाउनुभएको छ । तर, पार्टी र अन्य दबाबका कारण नेपालका प्राय: अर्थमन्त्रीहरू असफल हुन पुग्छन् । पुनले त्यस्ता त्यस्ता दबाबलाई किनारा लगाउन सकेको खण्डमा सफल अर्थमन्त्री हुन सक्छन् ।

केही दिनअघि सात पूर्वअर्थमन्त्रीहरूसँग सरकारको कार्यक्षेत्र, बजेटको बनौट, प्रभावकारी कार्यान्वयन, सार्वजनिक, निजी र वैदेशिक लगानीको बाँडफाँड र विकास तथा आर्थिक समृद्धि कसरी ल्याउन सकिन्छ भनी राय-सुझाव लिएको पाइयो । सातै जना पूर्व अर्थमन्त्रीहरूबाट अठार खर्ब रुपैयाँभन्दा बढी बजेटको आकार नबढाउन र राष्ट्रिय गौरवका योजना, राष्ट्रिय प्राथमिकताका योजना र बहुवर्षीय ठेक्का लागेका योजनाबाहेक अरु योजना समावेश नगर्न सुझाव आएको छ । साथै उहाँहरू सातैजनाले सरकार लगायत सबै नियामक निकायक नै अराजक हुँदा सरकारी निकायमा खर्च हुन नसकेको तथ्य पनि स्पष्टसँग राखेका थिए । तिनले छलफलमा अध्ययनविना 'पपुलिष्ट' कार्यक्रममा बजेट नराख्न पनि सुझाएका छन् ।

दीर्घकालीन तथा दीर्घकालीन पुँजीगत योजनामा बजेट बढाउने, राजनीतिक र व्यक्तिगत स्वार्थले दबाबमा आएका योजनामा बजेट समावेश गर्न अस्वीकार गरेको खण्डमा मात्र अर्थमन्त्रीलाई सफलता मिल्न सक्छ । त्यसअतिरिक्त नियामक निकायका नियन्त्रणकारी सोच र अनुचित हस्तक्षेप न्युनीकरण गरी जिम्मेवार बनाउँदा मात्र लक्षित प्रतिफल हासिल गर्न सकिन्छ ।

नेपालमा प्रत्येक वर्ष पुँजीगत बजेट लक्ष्यअनुसार खर्च गराउन राज्यका संयन्त्र असफल सावित छन् । राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकताका आयोजना र बहुवर्षीय ठेक्का लागेका योजना समयमै सकिएको उदाहरण छैन ।

बजेटकै सन्दर्भमा अर्थमन्त्रीले क्रान्तिकारी, विकासमुखी तथा कार्यान्वयनयोग्य बजेट प्रस्तुत गर्नुहुन्छ कि हुन्न चर्चाकै विषय भएको छ । एकातिर नेपाल सरकारसँग बजेट खर्च गर्ने, राजस्व लक्ष्यअनुसार उठाउन सक्ने, प्रतिबद्धता अनुसारको वैदेशिक ऋण र सहायता लिन सक्ने क्षमता छैन । अर्कातिर वर्षेनी बजेटको आकार बढाउने प्रवृत्ति छ । यसमा तालमेल मिलाउनु सजिलो छैन ।

गत आर्थिक वर्ष सरकारले संघीय संसदमा सत्र खर्ब एकाउन्न अर्ब बजेट प्रस्ताव पेश भए पनि चालुतर्फ बजेटको ६५ प्रतिशतमात्र खर्च गर्न सरकार सफल भयो । सरकाले यस वर्षका लागि विकास खर्चतर्फ तीन खर्ब बजेट अर्थात् बजेटको सत्र दशमलव पच्चीस प्रतिसत रकम विनियोजन गरेको छ । यस्तो अवस्थामा नेपालमा विकास, योजना, लगानी र आर्थिक समृद्धिका कुरा गर्नु बेकार हुन्छ ।

अर्थमन्त्रालय र राष्ट्रिय योजना आयोगले आउँदो वर्षका लागि अठार खर्वकै बजेट सिलिङ तोक्न पूर्वअर्थमन्त्रीहरूले सुझाएका छन् । तर पनि आउँदा वर्षमा पनि नेपाल सरकारसँग बजेट खर्च हुने क्षमता अभिवृद्धि हुने लक्षण देखिँदैन । अर्कातिर चालु वर्षमा १२ खर्व रुपैयाँभन्दा बढी राजस्व संकलन गर्न सक्ने अवस्था र क्षमता पनि सरकारसँग देखिँदैन । राजस्वको हिसाबले हेर्ने हो भने अठार खर्वको बजेटलाई महत्वाकांक्षी भन्नुपर्ने हुन्छ । विकासका योजना र लगानीलाई प्राथमिकता दिने हो चालु खर्चमा भारी मात्रामा कटौती गर्न सक्ने साहस अर्थमन्त्रीले गर्नुपर्ने हुन्छ । तर त्यसो गर्न सक्ने अवस्था पनि देखिँदैन ।

देश र अर्थतन्त्रको हालत एकातिर यति दयनीय र संकटपूर्ण छ भने अर्कातिर प्रधानमन्त्री र सरकारमा आवद्ध दलका नेताहरूले हावादारी रुपमा बजेट दिने आश्वासन बाँड्न थालेको अवस्था छ । बजेट र योजनाको प्राथमिकीकरणमा खासै परिवर्तन र सुधार आउने लक्षण देखिँदैन । बजेटले आर्थिक विकास, समृद्धि र राजनीतिक र आर्थिक, सामाजिक तथा प्रशासनिक अनुशासन, नैतिकता र इमान्दारिता तथा जवाफदेहिता ल्याउने अवस्था पनि देखिँदैन ।

सरकार, नेता र नियामक निकायका पदाधिकारीहरूलाई नियमित, जवाफदेही नबनाउने हो भने नेपालमा विकास र समृद्धि आउँदैन भन्ने कुरा पनि अर्थमन्त्रीले चुनौतीका रुपमा लिनुपर्नेछ ।

साथै अर्थमन्त्रीले साधारण खर्च घटाउने सन्दर्भमा तत्काल चार निर्णय लिनुपर्नेछ, पहिलो अनावश्यक कार्यालय र दरबन्दी खारेज गर्नुपर्नेछ । दोस्रो अनावश्यक भर्ती भएका राजनीतिक प्रकृतिका विज्ञ-सल्लाहकारमा नियन्त्रण गर्नुपर्नेछ । तेस्रो सरकारी गाडी खरिदमा होडबाजी देखिएको त्यसमा नियन्त्रण र इन्धन खर्चमा आधा घटाउनुपर्नेछ ।

चौथो, प्रभावकारी रुपमा काम नगर्ने संस्थाको कार्यप्रगतिको अनुगमन गरी त्यस्ता निर्माण व्यवसायीलाई अरु देशमा झैं कारबाही गर्ने कानुन बनाउनु जरुरी छ । हाम्रा विकासे ठेक्कामा अनगिन्ती पटक म्याद थप्नुपर्दा लागत अत्यधिक हुँदै गएको छ । यसमा निर्माण व्यवसायीहरूको मात्रै दोष छैन कि हाम्रा नेताहरू प्रशासन र नियामक निकायहरू पनि दोषी छन ।

यस्ता बेथिति चिर्ने र नेतासम्मलाई कारबाही गर्ने कानुन पनि ल्याउन अत्यावश्यक देखिएको छ । हामीकहाँ कर्मचारीतन्त्र, सुरक्षा निकाय, संवैधानिक निकाय सबै राजनीतिक दबाब र प्रभावमा चलेकाकै कारण बद्नाम बनेका छन् । निजी क्षेत्र निराश हुँदा अर्थतन्त्रमा शिथिलता छाएको छ । सरकारी क्षेत्र अधिकार बढाउन र हस्क्षक्षेप गर्न चाहन्छ । विदेशी लगानीकर्ता पनि भाग्न थालेका छन् । सरकार प्रति जनताको अविश्वास दिनदिनै बढ्न गएको अवस्था छ ।

एउटा अर्थमन्त्रीले मात्रै चाहेर केही हुन्न भन्ने मानसिकतामा अर्थमन्त्री बस्नु हुँदैन । बेलायतका अर्थमन्त्री ग्लाडस्टोनले सन् १८६१ मा हिम्मत र साहस गरेर आर्थिक सुधार कार्यक्रमअन्तर्गत सार्वजनिक लेखा समितिलाई स्थायित्व दिने, महालेखा परीक्षकको कार्यालय खडा गर्ने, अनियमितता र भ्रष्टाचार गर्नेलाई कारबाही गर्ने कानुन ल्याएकै कारण त्यो मुलुक समृद्धितिर लम्कियो ।

आर्थिक विकास, समृद्धि तथा सुशासन ल्याउन लि क्वान यु, मोहम्मद महाथिर र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जस्तै राष्ट्रमुखी, जनमुखी तथा समृद्धि एवं सुशासनमुखी क्रान्तिकारी बजेट ल्याउन आवश्यक देखिन्छ ।

*(साभार: बाह्रखरी)*

# विकासशील राष्ट्रमा स्तरोन्नति भएपछिका चुनौती



✍ वैकुण्ठ पाण्डे

संयुक्त राष्ट्र संघअन्तर्गतको कमिटी फर डेभलपमेन्ट पोलिसी (सीडीपी) नाम गरेको एक संस्थाले प्रत्येक तीन वर्षमा अति कम विकसित सदस्य राष्ट्रहरुको आर्थिक, मानव पूँजी तथा वातावरणीय पक्षको समग्र मूल्यांकन गरेर तोकिएको मापदण्डको आधारमा स्तरोन्नतिका निम्ति सिफारिस गर्दछ । स्तरोन्नतिका निम्ति आवश्यक मापदण्ड निम्नानुसार रहेको छ-

(क) प्रतिव्यक्ति आम्दानी : प्रतिव्यक्ति आम्दानी १२२२ डलरभन्दा बढी ।
(ख) मानव पूँजी सूचक : ६६ अंकभन्दा बढी ।
(ग) वातावरणीय जोखिम बहन सूचक : ३२ भन्दा कम ।

सीडीपीले सन् २०२१ मा नेपाललाई विकासशील राष्ट्रको सूचीमा राख्न सकिने निर्णय गरेको छ । सीडीपीको प्रावधानअनुसार माथिका तीनमध्ये कुनै दुई मापदण्ड पूरा भएको खण्डमा स्तरोन्नति गर्न सकिने रहेछ, जसमा नेपालले माथिल्लो (क) बाहेकका बाँकी दुई मापदण्ड पूरा गरिसकेको छ ।

हुन त नेपालले यी दुई मापदण्ड सन् २०१५ र सन् २०१८ मा पनि पूरा गरिसकेको थियो तर सन् २०१५ मा नेपाल उक्लन चाहेन भने सन् २०१८ मा नेपालको अर्थतन्त्र नाकाबन्दी र भूकम्पको धक्काबाट भर्खरै गुज्रेको र तङ्गिन केही समय लाग्ने भएकोले सीडीपीले अस्वीकार गर्‍यो ।

पुन: २०२१ मा संयुक्त राष्ट्र संघको महासभाबाट अनुमोदन भई नेपाललाई यो अवसर मिल्यो । अत: नेपालले ५ वर्षको तयारी अवधि पूरा गरी २४ नोभेम्बर २०२६ देखि विकासशील राष्ट्रको रुपमा दर्ज हुँदै छ । नेपालले हासिल गरेका यी उपलब्धिलाई गुम्न नदिन, अझ समावेशी बनाउन, संकटविरुद्ध लड्न सक्षम बनाउन र क्रमागत सुधार गर्दै जाओस् भन्ने उद्देश्यले ५ वर्षको समय दिइएको हो ।

अझ प्रस्ट शब्दमा भन्नुपर्दा, नेपालेले अहिले गरेको उपलब्धि सधैं टिकाइराख्न सक्छ कि सक्दैन भन्ने यकिन गर्न थप समय आवश्यक पर्‍यो । सामाजिक सूचकमा प्राप्त सफलताले नेपाली समाजलाई थप समावेशी बनाउन अग्रसर हुन्छ कि हुँदैन, हेर्न समय चाहिने भयो ।

साथै नेपाल प्राकतिक जोखिमको हिसाबले पनि उच्च जोखिम भएको मुलुक हो, नेपाली समाजलाई जोखिमविरुद्ध लड्न सक्ने सामर्थ्यको विकास क्रमश: बढ्छ कि बढ्दैन, यी सबै कुराहरुमा प्रौढता ल्याउनका निम्ति पनि अतिरिक्त समय आवश्यक पर्ने भएको हुनाले ५ वर्षको समय निर्धारण गरिएको हो । अत: नेपाल सरकारले सो प्रस्तावलाई स्वीकार गरिसकेको छ । सन् २०२१ मा मूल्यांकन हुँदा नेपालको स्थिति यस्तो थियो-

(क) प्रतिव्यक्ति आम्दानी : प्रतिव्यक्ति आम्दानी १०२७ ।
(ख) मानव पूँजी सूचक : ७४.९ ।
(ग) वातावरणीय जोखिम बहन सूचक : २४.७ ।

**चुनौतीहरु :**

अति कम विकसित मुलुकको हैसियतमा यति लामो समयदेखि विदेशी अनुदान र सहयोगमा निर्भर नेपाली अर्थतन्त्रमा एक्कासि ती सहयोगहरु आउन रोकिएमा वा कमी भएमा अवश्य पनि धेरै चुनौती अगाडि आउनेछन् । ती चुनौतीहरु के-के हुनेछन् भन्नेतर्फ विमर्स गर्नुभन्दा पहिले नेपालले विकासशील देशका हैसियतबाट के-के प्राप्त गर्दै आएको छ भन्नेतर्फ प्रस्ट हुनु जरुरी छ, जुन निम्नानुसार छन्-

(क) विश्व व्यापार संगठनमा अति कम विकसित मुलुकहरुलाई गरिँदै आएको विशेष व्यवस्था । यसअन्तर्गत निकासी सहुलियत, प्राविधिक सहयोग, व्यापार सहजीकरण सहयोग, नि:शुल्क कानुनी सहयोग आदि ।
(ख) साफ्टा, बिमस्टेक, सार्कजस्ता क्षेत्रीय मञ्चहरुबाट पाउँदै आएका विभिन्न किसिमका छुट तथा सहुलियतहरु ।
(ग) टेक्नोलोजी बैंक, वातावरणीय परिवर्तन विरुद्धको सहकार्य, लगानी सहयोग, व्यापार सहजीकरण आदि ।
(घ) द्विपक्षीय सहयोग- कुल गार्हस्थ्य उत्पादनको ०.२० सम्म आर्थिक सहयोग ।
(ङ) युएनडीपी र युएनआईसीईएफबाट बहुपक्षीय विकास सहयोगको रुपमा नियमित स्रोतको ६० प्रतिशतसम्म लगानी गर्ने व्यवस्था ।
(च) विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरुद्वारा नीति निर्माण, सूचना प्रवाह, क्षमता अभिवृद्धि, बौद्धिक सम्पत्ति सुरक्षालगायतका काममा सहयोग उपलब्ध ।

उल्लिखित प्रकारका सहुलियत र सुविधाहरु गुम्ने निश्चित भएको कारण नेपाली समाज र अर्थतन्त्रमा यसको ठूलो धक्का जाने देखिन्छ । नेपाललाई यस निर्णयबाट कहाँ, कति र कसरी अप्ठ्यारो पर्न सक्छ भन्नेतर्फ पनि चर्चा गरौं ।

(क) नेपाली कार्पेट, पस्मिना, फर्मास्युटिकल लगायतका उद्योगहरुमा प्रत्यक्ष असर पर्ने ।
(ख) स्वदेशी कच्चा पदार्थमा आधारित घरेलु उद्योगहरुको निकासीमा समस्या ।
(ग) कृषिजन्य उत्पादनको निकासीमा समस्या ।
(घ) गार्मेन्ट निकासी लागत ५० प्रतिशतसम्म बढ्ने ।
(ङ) एडीबी, डब्लुबी, आईएमएफजस्ता बहुपक्षीय दातृ निकायहरुले प्रदान गर्दै आएको वित्तीय सहुलियतमा कटौती हुनेछ ।
(च) एडीबीले करिब ४० वर्षसम्मका लागि १ देखि १.५ प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण ऋण सुविधा दिने गर्दछ भने डब्लुबीले करिब ३५ वर्षसम्मका लागि १ देखि १.२५ प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण ऋण सुविधा दिने गर्दछ ।
(छ) युएनको पर्यावरण तथा यात्रा सहुलियतमा पनि नकारात्मक असर पर्नेछ । कुल निर्यातको करिब ४ प्रतिशत निर्यातमा कमी आउनेछ । सम्बन्धित क्षेत्रको व्यापारमा आउने प्रतिकूलताका कारण प्रतिवर्ष दशौं हजार श्रमिकले रोजगार गुमाउनेछन् ।

**अवसरहरु :**

नेपाल एक अति गरिब मुलुक हो भन्ने भाष्य जबर्जस्तरुपमा स्थापित भयो । कम्तीमा मेरो उमेर समूहका हामी नेपालीहरु करिब ५ दशकदेखि यो भाषा सुन्दै, पढ्दै र लेख्दै आएका छौं । यो शब्दावलीबाट आम नेपालीमा पर्न जाने मनोवैज्ञानिक असरको आँकलन गर्न निकै कठिन छ । यसबाट आत्मग्लानि र कुण्ठाको सिकार बन्न हामी अभिशप्त बन्यौं । यसर्थ एउटा गलत भाष्यबाट मर्माहत युवाहरुलाई नेपालको विकासशील मुलुकमा हुने स्तरोन्नतिबाट ठूलो राहत मिल्नेछ ।

यस निर्णयबाट विश्व समुदायले नेपाललाई हेर्दै आएको पुरानो चश्मा बदल्नुपर्ने बाध्यता रहन्छ । नेपालले जतिपटक लगानी सम्मेलन गरे तापनि प्रतिबद्धताअनुसार लगानी नहुनुको प्रमुख कारणमा पहिलो हो, नेपालको खस्केको संस्थागत कुशलताले जन्माएको सुशासनको दुरावस्था । दोस्रो कारण हो, नेपाल एक अति गरिब मुलुक हो भन्ने गलत लवज । वास्तवमा नेपाललाई अति गरिब देश भनिएको कारण लगानी आकर्षित हुन नसकेको हो ।

सन् २०२६ पछि भने लगानी लक्ष्यभन्दा बढी भित्रिने कुरामा आश्वस्त हुन सकिन्छ । बहुआयामिक विकासमा यो फड्कोबाट ठूलै रुपान्तरण पनि नहोला भन्न सकिँदैन । दुई तथा बहुपक्षीय व्यापार सहकार्यमा समेत आफ्नो हात माथि पार्न सकिनेछ । अर्थतन्त्रका संरचनाहरुमा परिवर्तन ल्याउँदै नेपाली समाजलाई अझ बढी समावेशी र विभिन्न किसिमका प्राकृतिक तथा वातावरणीय विपत्तिहरुको सामना गर्न सामर्थ्य पनि बनाउनेछ । नेपालले दिगो विकासका लक्ष्य हासिल गर्दै देशको समृद्धिको यात्रा तय गर्नका लागि पनि यो स्तरोन्नतिले कोसेढुंगाको काम गर्नेछ । तर नेपालको स्तरोन्नतिबाट सफलताहरु आफैं हवारहवार्ती आउने भन्ने होइन । यसबाट नेपाललाई आर्थिक, सामाजिक रुपान्तरणतर्फ हुँइँक्याउन थप मेहनत, साधना र संकल्प अनिवार्य छ ।

**छलफल :**

नेपालले प्रतिव्यक्ति आम्दानी मापदण्ड पूरा नगरेको कारण आर्थिक पक्ष कमजोर नै छ भन्ने कुरा लुकाएर लुकिने चिज भएन । नेपाल विकासोन्मुख मुलुकको श्रेणीमा उक्लेपछि अति कम विकसित मुलुकको हैसियतले पाउँदै आएको सुविधा खोसिने भएको कारण अर्थतन्त्रमा थप समस्याहरु देखिन थाल्नेछन् । पूँजीगत खर्चमा थप समस्या आउने र उत्पादनमुलक क्षेत्रसमेत उत्साहित नहुँदा अर्थतन्त्रमा थप शिथिलता आउने देखिन्छ ।

यसै गरी राजस्व उठतीमा अझ दबाब परेर बजेट घाटा फैलिने सम्भावना छ । यसबाट ऋणको व्यवस्थापनमा संकट आउने मात्र नभई आर्थिक वृद्धि र दिगो विकासको लक्ष्य पूरा गर्नसमेत कठिन हुने देखिन्छ । यसबाट नेपालले उपलब्धि हासिल गरिसकेका (ख) र (ग) नम्बरका सूचकहरुमा पनि दबाब पर्ने त होइन भन्ने चिन्ता रहिरहन्छ ।

**निष्कर्ष :**

अब नेपाल पछि हट्नुपर्छ भन्ने त भएन, यसबाट नेपालले अधिकतम लाभ लिनका निम्ति मधुर संक्रमणको नीति अघि सार्नु वाञ्छनीय हुनेछ । सर्वाङ्गीण तथा घनिभूत कार्ययोजना निर्माण गरेर कठोर अनुशासन पालना गर्दै अगाडि बढेमा स्तरोन्नतिबाट निर्माण हुने उत्साह, आशावादिता र विश्वासको आर्थिक, सामाजिक मूल्य हामीले गुमाएको लाभभन्दा निकै बढी हुनेछ । जनतामा विश्वासको वातावरण निर्माण गर्नका निम्ति नगरी नहुने काम भनेको कानुनी राज्य र सुशासनको प्रत्याभूति हो । राज्यका हरेक अंगहरुको काम कारबाहीमा पारदर्शिता र जवाफदेहिता अर्को आवश्यक सर्त हो । देश र जनताप्रतिको वफादारिता हरेक निकाय र अंगहरुमा अनिवार्यरुपमा लागू गर्दै आगामी दशक आर्थिक, सामाजिक रुपान्तरणको दशक भन्ने संकल्प बोकेर अगाडि बढेको खण्डमा बीचमा आउने तगाराहरु सजिले हटाउन सकिन्छ ।

वर्तमान समयमा राज्यका कुनै पनि अंगहरुको काम कारबाहीप्रति जनताले मुक्तकण्ठले प्रशंसा गर्ने परिस्थिति निर्माण नभइसकेको अवस्थामा यी सब चुनौतीहरुलाई पार लगाउने सामर्थ्य राज्य संयन्त्रसँग हुनेछ भन्ने कुरा खुट्टी हेरेर पत्याएँ भनेजस्तै हुनेछ । यसमा दुई कुरा हुन्छन्- माथिका सूचक (ख) र (ग) मा सफल भएको पनि यही संरचनाबाटै हो भने विकासशील राष्ट्रतर्फको यात्रामा पनि तय गर्न नसकिने होइन भन्न सकिन्छ । अपारदर्शिता र बेथितिकै बीचबाट पनि बिस्तारै सकारात्मकतातर्फ रुपान्तरित हुन सकिन्छ । आत्मकेन्द्रित व्यक्तिवादी व्यवहारको अन्त्य गर्न चिता नै कुर्नुपर्दैन । चितामा जानुभन्दा पहिले नै आफ्नो सेवालाई राष्ट्र निर्माणमा समर्पण गरेर जनताको अनुहारमा देखिने मुस्कानबाट प्राप्त हुने अन्तर्जगतको सुकुनको अनुभूतिको मजा पनि लिन उहाँहरु चुक्नुहुन्न भन्ने विश्वास गर्न नसकिने होइन । हुँदै नभए, नयाँ पुस्ताले हस्तक्षेप गरी बाँकी कार्यभार पूरा गर्नेछन् भन्नेसम्म त अपेक्षा गर्न सकिन्छ नै ।

*(साभार: नेपाल समाचार-पत्र)*

### टी-२० विश्वकप खेल्ने नेपाली टोली :

# १२ खेलाडीको स्थान लगभग पक्का, ३ का लागि ८ जनाको प्रतिस्पर्धा !

काठमाडौं/अर्को महिना अमेरिका र वेष्ट इण्डिजमा हुने आईसीसी टी-२० विश्वकप खेल्ने देशहरुले आफ्नो अन्तिम १५ सदस्य टोली घोषणा गर्न थालेका छन् । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले बुधबारसम्म सहभागी सबै (२०) देशीलाई नाम टुङ्गो लगाउन निर्देशन दिएको छ ।

नेपालले भोलि बुधबार वेष्ट इण्डिज एसँग हुने तेस्रो खेलपछि विश्वकप खेल्ने अन्तिम टोली आईसीसीलाई पठाउने छ । वेष्टइण्डिज एसँग पाँच खेलको सिरिज खेल्ने टोलीमा २० खेलाडी छन् । उनीहरुमध्येबाट १५ जना छनोट हुने हो ।

तर नेपालबाट टी-२० विश्वकप खेल्ने १२ खेलाडी भने लगभग पक्कापक्की जस्तो छ । बाँकी ३ स्थानको लागि ८ खेलाडी बीच प्रतिस्पर्धा देखिएको छ । उनीहरुमध्ये को विश्वकप टोलीमा पर्छन् भन्ने चाहिँ खेलाडीको प्रदर्शनसँगै टोलीको आवश्यकता, पिच कन्डिसन, प्रशिक्षक र कप्तानको रणनीतिमा भरपर्ने छ ।



**क-कसको स्थान सुरक्षित ?**

ओपनर : कुशल भुर्तेल र आसिफ शेखलाई नेपालले पहिलो रोजाईको ओपनरमा खेलाउने पक्का छ । दुबैले २०२१ देखि पहिलो रोजाईमा खेल्दै आएका छन् । कुशलको भूमिका आक्रामक र आसिफको इनिङ विकास गर्ने हुनेछ ।

पछिल्ला केही खेलमा यो ओपनिङ जोडीको प्रदर्शन अपेक्षा अनुसार हुन सकेको छैन । त्यसमा पनि कुशलको प्रदर्शन विर्सनलायक छ । तर कप्तान र प्रशिक्षकले उनलाई निरन्तर मौका दिएका छन् । किनकी एकाध खेलमा राम्रो प्रदर्शन नगरेकै कारण बेञ्चमा राख्ने हो भने उनको मनोबल झनै कमजोर हुनसक्छ ।

साथै उनले लेगस्पिनमा विकेट लिँदै आएका छन् । सन्दीप लामिछाने नहुँदा विश्वकपमा लेग स्पिनरको भूमिका पनि निर्वाह गर्नसक्ने भएकाले नेपालले भुर्तेलको विकल्प खोज्ने छैन । आसिफ विकेट किपरको भूमिकामा पनि भएकाले टी-२० विश्वकप जस्तो महत्वपूर्ण प्रतियोगितामा दुबैको उपस्थिति पक्का छ ।

**रोहित पौडेल**

कप्तानलाई नै बाहिर राखेर विश्वकप टोली घोषणा गर्ने कुरै भएन । त्यसैले रोहितकुमार पौडेल विश्वकप टोलीमा पर्छन् नै । तेस्रो नम्बरमा खेल्ने उनको भूमिका ठूलो इनिङसँगै कप्तानी प्रदर्शन हुनेछ ।

रोहितले वेष्ट इण्डिजलाई पहिलो खेलमा ४ विकेटले हराउन ५४ बलमा १० चौका र ६ छक्कासहित ११२ रनको शतकीय इनिङ खेलेका थिए । दोस्रो खेलमा ७१ रन बनाएपनि जिताउन सकेका थिएनन् । एसीसी प्रिमियर कपको प्रदर्शनले उनी केही आलोचित बनेका थिए, तर वेष्ट इण्डिज एसँगको प्रदर्शनबाट उनले जवाफ लिइसकेका छन् ।

**मध्यक्रम र फिनिसर**

मध्यक्रम र फिनिसरमा कुशल मल्ल, सन्दीप जोरा, दीपेन्द्रसिंह ऐरी र गुल्शन झा खेल्दै आएका छन् । उनीहरुले टोलीको आवश्यकता अनुसार तलमाथि ब्याटिङ क्रममा खेल्दै आएका छन् ।

दीपेन्द्र नेपालका प्रमुख हतियार हुन् । उनको भूमिका आक्रामक ब्याटिङ हुनेछ । दुई साताअघि कतारविरुद्ध एकै ओभरमा ६ छक्का र गत सेप्टेम्बरमा मंगोलिया विरुद्ध ९ बलमै कहिल्यै नतोडिने विश्व कीर्तिमान बनाएका दीपेन्द्र माथि विश्वभरका टोली र फ्रेन्चाइजको नजर हुनेछ । बलिङ र फिल्डिङ पनि त्यति नै उत्कृष्ट छ ।

कुशल मल्ल र गुल्शन झा हिटरको रुपमा खेल्ने छन् । बायाँ हाते बलर भएको टोलीविरुद्ध दुबैले माथिल्लो क्रममा आएर खेल्न सक्छन् । सन्दीप जोरालाई टिममा राख्ने नराख्नेबारे कप्तान र प्रशिक्षकले थोरै सोच्न सक्थे । तर एसीसी प्रिमियर कप र हङकङ भ्रमणमा गरेको प्रदर्शनले अन्तिम १५ मा स्थान पक्का नै देखिन्छ ।

**तीव्र गतिका बलर**

तीव्र गतिका बलर सोमपाल कामी र करण केसी पहिलो रोजाइका बलर हुन् । नयाँ बलका साथ दुबैले सुरुवात गर्नेछन् । करणले डेथ ओभरमा पनि राम्रो गर्ने क्षमता राख्छन् ।

सोमपालको डेथ ओभरमा राम्रो इतिहास छैन । डेथ ओभर स्पेशलिष्टको रुपमा अभिनाश बोहरा जानेछन् । एक महिनाअघि खराब प्रदर्शनका कारण अभिनाशको स्थान केही कठिन देखिएको थियो । तर प्रिमियर कपसँगै वेष्ट इण्डिज एविरुद्ध राम्रो प्रदर्शन गरे । वेष्ट इण्डिज ए विरुद्ध लगातार योर्करमा राम्रो गरे ।

बायाँ हाते तीव्र गतिका बलर प्रतिश जि.सी पनि विश्वकप टोलीमा पर्ने पक्का नै देखिन्छ । अर्को बायाँ हाते बलर अन्तिम २० मा छैनन् । पछिल्लो डेढ वर्षदेखि मोन्टी देशाईले उनलाई अन्तिम १५ सदस्य टोलीमा नियमित राखेका छन् ।

करण केसीको विकल्पका रुपमा डेढ वर्षदेखि टोलीमा राखेका उनलाई विश्वकपमा मात्रै बाहिर गर्ने सम्भावना देखिँदैन । मौका पाएको खेलमा मध्यम प्रदर्शन पनि गर्दै आएका छन् । दुई महिनाअघि नेपालमा भएको त्रिकोणात्मक सिरिजमा नेदरल्यान्ड्ससँग ३ विकेट लिँदै प्लेयर अफ द म्याच चुनिएका थिए ।

**स्पिनर**

ललितनारायण राजंवशी नेपालको पहिलो रोजाइका स्पिनर हुन् । उनी टोलीका साथ जाने पक्का छ । दोस्रो स्पिनरमा दीपेन्द्र हुनेछन् । कुशल मल्ल र कुशल भुर्तेल पार्टटाइम स्पिनर हुनेछन् ।

यसरी हेर्दा विश्वकप खेल्ने नेपाली टोलीमा आसिफ शेख, कुशल भुर्तेल, रोहित पौडेल (कप्तान), कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा, गुल्शन झा, सोमपाल कामी, करण केसी, अभिनाश बोहरा, प्रतिश जिसी र ललित राजवंशी पक्का जस्तै छ ।

**३ स्थानका लागि ८ खेलाडीको प्रतिस्पर्धा**

ब्याकअप ओपनर : ब्याकअप ओपनरका रुपमा अनिलकुमार शाह र लोकेश बममध्ये एक जना विश्वकप खेल्न जाने सम्भावना छ । अघिल्लो महिना क्यानडासँगको सिरिजमा राम्रो प्रदर्शनपछि अनिल टोलीमा रहँदै आएका छन् ।

ओपनिङसँगै तेस्रो नम्बरमा खेल्न सक्ने अनिल एसीसी प्रिमियर कपमा टोलीमा रहेपनि खेल खेल्न पाएका थिएनन् । कुशल भुर्तेल लगातार दोस्रो खेलमा शून्यमा आउट हुँदा पनि अनिलले मौका पाएका थिएनन् । तर वेष्ट इण्डिज एविरुद्ध सुरुवाती दुबै खेलमा मौका पाए । त्यसलाई उनले सदुपयोग गरेको भने देखिँदैन । पहिलो खेलमा ५ रन बनाएका उनी दोस्रोमा १ रनमा आउट भए ।

आयरल्यान्ड एविरुद्ध नेपाल ए बाट राम्रो प्रदर्शन गरेका लोकेश पनि टोलीमा आएका छन् । उनले आयरल्यान्ड एविरुद्ध पहिलो खेलमा ५६ बलमा ९ चौका र ८ छक्कासहित १०६ रनको सानदार शतकीय इनिङ खेलेका थिए ।

वेष्ट इण्डिज ए विरुद्ध दोस्रो टी-२० मा अवसर पाएका उनले जगबको कन्फिडेन्स देखाएका थिए । म्याथ्यु फर्डलाई स्टेटमा दुई शानदार छक्का हान्दै आक्रामक क्रिकेट खेलेका उनी मांशपेशीमा चोट लागेका कारण रिटार्यड हट भएका थिए ।

उपचारपछि फर्किएका उनले आफ्नो पुरानो मोमेन्टमलाई भने निरन्तरता दिन सकेनन् र १७ रनमा आउट भए । यद्यपि उनले देखाएको कन्फिडेन्सले टोलीको बढी मन जिते, खेलपछि प्रशिक्षक मोन्टीले तारिफ गरे ।

लोकेश ओकपनिङ, मध्यक्रम र फिनिसर तीनै स्थानमा नेपालबाट खेलिसकेका छन् । लोकेश वेष्ट इण्डिज ए विरुद्ध सिरिज खेल्ने सुरुमा बनाइएको अन्तिम १६ मा थिएनन् । अन्तिम समयमा चार जना थपिँदा उनी पनि अटाएकाले विश्वकपमा ब्याकअपका रुपमा हेरेको अनुमान गर्न सकिन्छ ।

विनोद भण्डारी : सन् २००९ देखि नेपालको सिरियर टिममा रहँदै आएका विनोद भण्डारी विश्वकप छनोटमा टोलीमा थिए । विकेट किपरका साथै फिनिसर उनको भूमिका हो । तर उनी फिनिसरको भूमिकामा खरोसँग उत्रन नसकेको धेरै भइसक्यो ।

त्यही कारण सिरियर टिमबाट बाहिर रहेका उनले राष्ट्रिय प्रतियोगिता प्रधानमन्त्री कपमा कमक्याक गरे । उनलाई नेपाल एको कप्तानको जिम्मेवारी दिइएको छ । तर नेपाल एमा उनले आफ्नो प्रदर्शनलाई निरन्तरता दिन सकेका छैनन् । त्यही कारण हुनसक्छ वेष्टइण्डिज एविरुद्ध खेल्ने टोलीमा थिएनन् ।

अन्तिम समयमा टिममा थपिएका उनलाई बुधबार मौका दिने सम्भावना देखिन्छ ।

२०१४ को विश्वकप टोलीमा भएको अनुभवी विनोदको किपिङ पनि राम्रा भएकाले ब्याकअपका रुपमा अन्तिम १५ मा स्थान बनाउन सम्भावना कायमै छ । तर त्यसका लागि उनले भोलि अवसर पाए अद्भूत प्रदर्शन गर्न सक्नुपर्छ, सामान्य प्रदर्शन पर्याप्त हुने छैन ।

आरिफ शेख : आरिफ शेखलाई ब्याटिङ अलराउन्डरका रुपमा विश्वकप टोलीमा लैजाने झिनो सम्भावना छ ।

विदेशी भूमिमा नेपालको ब्याटिङ कमजोरीको रुपमा रहँदै आएको छ । साथै तीव्र गति र स्पिन बलिङमा धेरै विकल्प रहेकाले ब्याटिङ विकल्पका रुपमा आरिफलाई विश्वकप टिममा राख्नबारे प्रशिक्षक र कप्तानले सोच्न पनि सक्छन् ।

तर उनको टी-२० को स्ट्राइक रेटमा प्रश्न उठ्दै आएको छ । वेष्ट इण्डिज एविरुद्ध दोस्रो खेलमा अवसर पाएका उनले १६ बलमा १२ रन बनाएका थिए ।

सागर ढकाल : नेपाल पुलिस क्लबबाट घरेलु क्रिकेटमा राम्रो प्रदर्शन गर्दै आएका बायाँ हाते स्पिनर सागर ढकाल सिनियर टोलीमा नियमित स्थान बनाउन सकेका छैनन् ।

वेष्ट इण्डिज एविरुद्ध खेल्ने सुरुवाती टोलीमा पनि उनी थिएनन् । तर अन्तिम समयमा चार खेलाडी थपिँदा टोलीमा परे । वेष्ट इण्डिज ए विरुद्ध दोस्रो खेलमा मौका पाएका उनले दुई विकेट लिँदै विश्वकप टिममा बलियो दाबेदारी प्रस्तुत गरे ।

सागरले तेस्रो ओभरमा सन् २०१२ र २०१६ मा टी-२० विश्वकप जित्दाका ओपनर जोनसन चार्ल्सलाई ११ रनमा बोल्ड गरको थिए भने युवा ब्याटर एलिक एथानाजेलाई ६ रनमा क्याच गराउँदै नेपाललाई हाबी बनाएका थिए ।

नेपालसँग प्रमुख स्पिनर को रुपमा ललित छन् । अर्कोतर्फ इंग्ल्यान्ड, भारत र दक्षिण अफ्रिकाले घोषणा गरेको टोलीमा स्पिनरलाई प्राथमिकता दिएका छन् । तर कुशल भुर्तेल, दीपेन्द्र र कुशल मल्ल पार्टटाइममा हुँदा केही कठिन पर्न पनि सक्छ ।

**कमल कि आकाश ?**

तीव्र गतिका बलर कमलसिंह ऐरी अन्तिम समयमा वेष्ट इण्डिज ए विरुद्धको टी-२० टोलीमा थपिएका बलर हुन् ।

चोटका कारण मैदान बाहिर रहेका उनले अघिल्लो महिना मात्रै क्रिकेटमा पूनरागमन गरेका थिए । आयरल्यान्ड ए विरुद्ध राम्रो प्रदर्शन गरेकै कारण उनी अन्तिम समयमा टोलीमा थपिएका हुन् । वेष्ट इण्डिज ए विरुद्ध पहिलो खेलमै मौका पनि पाए ।

उनले ३ ओभरमा ५३ रन खर्चेर १ विकेट लिए । उनले जोनसन चार्ल्सलाई बोल्ड गरेका थिए । तर धेरै रन खाएका कारण उनले दोस्रो खेलमा अवसर पाएका छैनन् ।

त्यो खेलमा अर्का तीव्र गतिका बलर आकाश चन्दले मौका पाए । गत जनवरीमा यू-१९ विश्वकपमा अफगानिस्तानविरुद्ध ५ विकेट लिएपछि उनी सिनियर टोलीमा आए ।

हङकङ भ्रमणमा ३, १ र ३ विकेट लिएका उनी एसीसी प्रिमियर कपका टोलीमा नपरेपनि ओमान गएका थिए । वेष्ट इण्डिज एविरुद्ध खेल्ने टोलीमा पनि गरेका थिए । पछिल्लो समय प्रशिक्षक मोन्टीले आकाशमाथि विश्वास देखाएका छन् ।

तर नेपालको टोलीमा सोमपाल, करण, अभिनाश र प्रतिशको स्थान पक्का जस्तै छ । पार्टटाइममा गुल्शन झा पनि छन् । प्रतिश बेन्चमै हुने भएकाले कमल र आकाशमध्ये एकलाई मात्र नेपालले स्थान दिनसक्छ । यसका लागि बुधबार हुने खेलमा कसले अवसर पाउँछ र कस्तो प्रदर्शन गर्छ भन्ने हेनुपर्छ ।

विवेक यादव : विवेक यादव पछिल्लो समय नियमित टोलीमा छन् । अलराउन्डर उनी फिनिसरको भूमिकामा हुन् ।

तर नेपालबाट ११ टी-२० आईमा खेलेका उनले ९ खेलमा दोहोरो अंकमा रन बनाउन सकेका छैनन् ।

गत नोभेम्बरमा ओमान विरुद्ध अन्तिम ओभरमा बिलाल खानलाई उनले तीन छक्का हानेका थिए । नेपालको जर्सीमा त्यही नै उनको सम्झन लायक प्रदर्शन हो । वेष्ट इण्डिज ए विरुद्ध पहिलो खेलमा अवसरका पाएका उनी ७ रनमा आउट भएका थिए । ६ बल खेल्दा ओबेद म्याककोयको बलमा बोल्ड हुन पुगे ।

(स्रोत: अनलाइनखबर)

# 'पूजार सार्की'को 'रिमै' गीतमा अन्तरजातीय प्रेमकथा



काठमाडौं/आगामी जेठ १० गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'पूजार सार्की'को दोस्रो गीत 'रिमै' सार्वजनिक गरिएको छ । मंगलबार सार्वजनिक गीतमा दिनेश राउतको शब्द रचना र सुवास भुसालको संगीत छ भने देवेन्द्र बराल र मुना ठटालको युगल स्वर छ । गीतमा प्रस्तुत दृश्यहरुले फिल्मको कथासार बुझाएको छ ।

पूजारीको भूमिकामा रहेका अभिनेता आर्यन सिग्देलको सार्की समुदायकी अञ्जना बराइलीसँग प्रेम टुसाएको छ । मगर समुदायकी परीक्षा लिम्बूलाई दमाईको चरित्रमा रहेका अभिनेता प्रदीप खड्काले मन पराउँछन् । गीतले उनीहरुकै प्रेमभाव व्यक्त गरेको छ । गीतको अन्तिममा अभिनेता पल शाह पनि देखिएका छन् । मर्मस्पर्शी भावको गीतमा शब्द, संगीत र गायनको राम्रो संयोजन छ ।

दिनेश राउतको निर्देशक तथा विकास सुवेदीको लेखन रहेको फिल्ममा मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, तारा शर्मा, शङ्कर आचार्य, प्रेम सुब्बा, गोविन्द रमण पराजुली, राजेश बिसुराल लगायतको पनि अभिनय छ । फिल्मलाई संगीतकार समेत रहेका सुवास भुसालले निर्माण गरेका हुन् ।

राजेश श्रेष्ठको डिओपी रहेको फिल्मलाई भरत रेग्मीले सम्पादन तथा सुप्रिम पराजुलीले कलर ग्रेडिङ तथा हिमाल केसीले द्वन्द्व निर्देशन गरेका छन् । फिल्मले २०४६ सालको परिवेशमा रहेर जातीय विभेदविरुद्धको कथालाई उठाएको छ । आर्यन, प्रदीप र पल पहिलोपटक एकसाथ देखिएकाले 'पूजार सार्की'ले बक्स अफिसमा सुखद व्यापार गर्ने प्रक्षेपण गरिएको छ ।

# चार दिनमा 'बोक्सीको घर'ले कति कमायो ?




काठमाडौं/अभिनेत्री केकी अधिकारीको निर्माण तथा अभिनय गरेको फिल्म 'बोक्सीको घर'ले अनपेक्षित 'ओपनिङ' गर्‍यो । पहिलो दिन नै ८० लाख व्यापार गरेको फिल्मले शनिबार थप उछाल कायम गर्‍यो । दोस्रो दिनको कलेक्सन डेढ करोड थियो । दुई दिनमा नै लगानी सुरक्षित गरेको फिल्मले आइतबारदेखि पनि व्यापारमा आफ्नो पकड गुमाएको छैन । हलमा दर्शकको चाप सन्तोषजनक देखिन्छ ।

यसबीच, फिल्मको चार दिनको कलेक्सन रिपोर्ट सार्वजनिक गरिएको छ । आइतबार ५३ लाख र सोमबार ४१ लाखसहित फिल्मले चार दिनमा ३ करोड २४ लाख कमाई गरेको वितरक कम्पनी टी फल्क्सले जनाएको छ । बुधबार मजदुर दिवसको विदा भएकाले फिल्मको व्यापारमा एकपटक फेरि उछाल आउनसक्ने प्रक्षेपण गरिएको छ । पहिलो साताको व्यापार ४ करोडमाथि हुन सक्नेछ ।

फिल्मले विशेषगरी महिलाहरुलाई हलमा आकर्षित गरेको छ । महिलाप्रधान कथामा बनेकाले पनि त्यो प्रभाव देखिएको हुनसक्छ । 'बुझिनँ मैले' गीत लोकप्रिय हुँदाको फाइदा पनि फिल्मको व्यापारमा राम्रै परेको छ । यो गीतले युट्युबमा एक महिना पनि नबित्दै एक करोड बढी भ्यूज पाइसकेको छ । दर्शकबाट राम्रो 'वर्ड अफ माउथ' प्राप्त भएकाले फिल्मले हलमा लामो यात्रा गर्ने देखिन्छ ।

'बोक्सीको घर'ले नेपालमा आक्रामक व्यापार गरेपछि विदेशमा समेत माग चर्किएको छ । अष्ट्रेलिया, अमेरिका, यूरोप जस्ता देशमा फिल्मको प्रदर्शन अधिकार बिक्री भइसकेको छ । विदेश राइट्सबाटै लगानीको ठूलो हिस्सा उठ्ने देखिन्छ । फिल्मको व्यापारबाट प्रफुलित देखिएकी केकीले चाँडै सामाजिक विषयवस्तुमा नयाँ फिल्म बनाउने आँट, हौसला र आत्मविश्वास मिलेको बताएकी छन् ।

सुलक्षण भारतीको लेखन तथा निर्देशन रहेको यो फिल्म नाटकमा आधारित भएर बनेको हो । ८ वर्षअघि मण्डला थिएटरमा भारती स्वयंको लेखन र निर्देशनमा 'बोक्सीको घर' नाटक देखाइएको थियो । बोक्सी कुप्रथाको नाममा महिलामाथि हुने हिंसाको कथालाई उठाइएको फिल्ममा केकीसहित सुपल सापकोटा, स्वेच्छा राउत, सुपला सापकोटा, रमा थपलिया लगायतको अभिनय रहेको छ ।

# दयाहाङको व्यवहार : कसैलाई काखा, कसैलाई पाखा



काठमाडौं/नि:सन्देह, दयाहाङ राई वर्तमान समयका नेपाली फिल्मका ठूला स्टार हुन् । कुनै बेला अभिनेता राजेश हमालको टाउको पोस्टरमा राखेकै भरमा फिल्म बिक्थ्यो भनेझैं अहिले केही हदसम्म दयाहाङको हकको त्यो देखिन्छ । अघिल्लो वर्ष उनका फिल्मले पाएको सफलताले पनि त्यसलाई पुष्टि गर्छ । यद्यपि, उनका फिल्म 'कन्टेन्ट'को बलमा चलेका हुन् भन्ने अर्को पक्षलाई पनि नकार्न मिल्दैन ।

लगातारको सफलताले दयाहाङ अहिलेका सर्वाधिक 'बिकाउ अभिनेता' बनेका छन् । यसैले हर कोही उनकै पछाडि दौडिएका छन् । उनले पनि गन्न नभ्याउने गरी फिल्म सम्झौता गरिरहेका छन् । अहिले उनको हातमा दुई दर्जन आसपास फिल्म छन् । ती कहिले बनेर सकिन्छन्, उनलाई नै थाहा छैन । काममा उनको उस्तै धपेडी छ । एउटाको छायांकन सकिएलगत्तै अर्कोमा जोडिहाल्नुपर्छ ।

धेरै फिल्ममा काम गर्दा रिलिज पनि धेरै हुने भइहाल्यो । गत वर्ष मात्र दयाहाङका ९ वटा फिल्म प्रदर्शन भए । दुईपटक त उनका आफ्नै फिल्मबीच भिडन्त भयो । छायांकनको चापले उनी प्रचारमा पनि कमै हिँड्छन् । तर, फिल्मको प्रचारमा उनको विभेदकारी व्यवहार देखिन्छ । कुनै फिल्मको विदेश प्रदर्शनमा पनि पुग्न भ्याउने उनी कुनै फिल्मलाई एकदिन पनि समय निकाल्न भ्याउँदैनन् ।

गत फागुनमा रिलिज भएको 'रंगेली'लाई उनले प्रिमियरका लागि केही घण्टाको समय दिएका थिए । त्यसअघि आएका 'दयारानी' र 'हात्तीछाप'को बारेमा उनले आधा/एक घण्टा मिडियामा बोलिदिए । 'दिमाग खराब'को प्रचारमा त उनको नाकमुखै देखिएन । तर, गत चैत ३० मा प्रदर्शन भएको 'डिग्री माइला'लाई भने उनले पर्याप्त समय दिए । फिल्मको प्रचारमा उनी राम्रैसित खटेको देखियो ।

यतिबेला उनी 'डिग्री माइला'को प्रदर्शनका लागि हङकङमा छन् । अरु फिल्म रिलिज हुँदा नेपालमै प्रचारमा हिँड्न नभ्याउने उनी आफ्नो समूहको फिल्मको भने विदेश प्रदर्शनमा समेत पुगिरहेका छन् । यो फिल्मका लागि उनले 'कार्साङ'को छायांकन समेत थमथमाएर राखेको चर्चा छ । यही शुक्रबारबाट प्रदर्शन हुन लागेको 'मनसरा'को प्रचारमा पनि दयाहाङले राम्रो साथ दिएका थिए ।

फिल्ममा काम गरेपछि प्रचारमा सघाउनु कलाकारको धर्म हो । फिल्ममा ठूलो लगानी गरिएको हुन्छ । कलाकारले केही बोलिदिँदा दर्शकको ठूलो जमातमा फिल्मको जानकारी पुग्छ । त्यसको प्रभाव व्यापारमा देखिन सक्छ । तर, दयाहाङले फिल्मको प्रचारमा आफ्नो समूहलाई काखा र अरुलाई पाखाको व्यवहार गरेको देखिन्छ । कि उनलाई रामबाबु गुरुङ र उपेन्द्र सुब्बा मात्र प्रिय हुन् ?

(स्रोत: फिल्मीखबर)

# सहकारी ठगी प्रकरणमा मुछिइन् राप्रपा सांसद बस्नेत

पोखरा/नवलपुरको छिपछिपे सहकारी ठगी प्रकरणमा राप्रपा सांसद गीता बस्नेतलाई पक्राउ पुर्जी जारी भएको छ । छिपछिपे सहकारीको रकम हिनामिना पार्ने काम गरेको भन्दै उजुरीका आधारमा प्रहरीले पक्राउ गर्न लागेको हो ।

राप्रपा सांसद बस्नेतसहित केही जनालाई पक्राउ पुर्जी जारी गरिएको प्रहरी स्रोतले जनाएको छ । संघीय संसद सचिवालयको अनुमति लिएर पक्राउ गर्नुपर्ने भएकाले प्रक्रियामा गएको प्रहरीको भनाइ छ ।

राप्रपा सांसद बस्नेतको समेत संलग्नतामा नवलपुरसहित बुटवल र बर्दियामासमेत गरी सहकारीको रकम ठगी भएको प्रहरीले जनाएको छ । बस्नेतमाथि संगठित अपराधमा पनि अनुसन्धान भइरहेको छ । कावासोतीमा रहेको छिपछिपे सहकारीको १६ करोड ६९ लाख रकम हिनामिना गर्ने मुख्य योजनाकार रहेका योगेन्द्र पाण्डे र नगेन्द्रबहादुर रिमालसँगको अवैध कारोबार र संलग्नता देखिएपछि प्रहरीले पक्राउ गर्ने तयारी गरेको छ ।

'सहकारी ठगी प्रकरण ७ जनालाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएका छौं । अन्य अनुसन्धान पनि अगाडि बढिरहेको छ,' नवलपुरका एसपी नरहरि रेग्मीले भने ।

सञ्चालक योगेन्द्र पाण्डे, नगेन्द्रबहादुर रिमाल, विकास सापकोट, कृष्ण ज्ञवाली, सञ्जीवकुमार महतोलगायत पक्राउ परिसकेको एसपी रेग्मीले जानकारी दिए ।

प्रहरी कार्यालय कावासोती र वित्तीय विश्लेषक तथा छानबिनकर्ता निर्मल गौतमले अनुसन्धान गरेको छानबिन प्रतिवेदनले सांसद बस्नेतको संरक्षणमा रकम हिनामिना गरेको तथ्य खुलेको थियो । राप्रपा सांसद बस्नेतलाई वैशाख १४ गते पक्राउका लागि अनुमति लिइएकोमा हालसम्म उनी फरार रहेकी छिन् ।

(स्रोत: अनलाइनखबर)

# घट्यो डिजेल र मट्टीतेलको मूल्य




काठमाडौं/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटएको छ । भारतबाट मूल्य घटेर आएपछि निगमले डिजेल र मट्टीतेलको मूल्य घटाउने निर्णय गरेको हो ।

निगम सञ्चालक समिति बैठकले पेट्रोल र खाना पकाउने ग्याँसको मूल्य भने यथावत राख्ने निर्णय गरेको छ ।

डिजेल र मट्टीतेलमा प्रतिलिटर २ रुपैयाँको दरले मूल्य घटाउने निर्णय भएको निगमले जनाएको छ । मूल्यवृद्धि भएसँगै पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा एक लिटर डिजेल-मट्टितेलको मूल्य १५६ रुपैयाँ ५० पैसा पुगेको छ ।

यसैगरी दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ क्षेत्रमा एक लिटर डिजेलको मूल्य १५८ र तेस्रो वर्ग अन्तर्गत काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा १५९ रुपैयाँ पुगेको छ । यसैगरी हवाई यन्धन आन्तरिकतर्फ प्रतिलिटर १ रुपैयाँ र बाह्यतर्फ ७ डलर वृद्धि गरिएको निगमले जनाएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# ऐतिहासिकताले भरिपूर्ण, चिसापानी गढी

प्रतिक्षा न्यौपाने

हेटौंडा, १८ वैशाख/ नेपालमा भएका ऐतिहासिक गढी तथा किल्लामध्ये सबैभन्दा धेरै ऐतिहासिक चिजबिजको संरक्षण भएको स्थान हो मकवानपुरको चिसापानीगढी । यहाँ पुरातात्विक महत्वका थुप्रै वस्तुहरु सुरक्षित रहेकोले ऐतिहासिक अध्ययनका हिसाबले यो गढी महत्वपूर्ण रहेको इतिहासका जानकारहरु बताउँछन् ।

इतिहासका अध्येता केदार न्यौपानेका अनुसार कुनै बेला निकै चल्तीको नाका रहेको चिसापानीगढी दक्षिणी क्षेत्रको सबैभन्दा ठूलो नाका थियो । यहाँ त्यसताका निर्माण गरिएका पाटी तथा पौवाको अध्ययन गर्दा दैनिक हजारौं नागरिक यहाँबाट बाहिरिने तथा भित्रिने गरेका थिए । तत्कालीन समयका बाइसेचैबीसे राज्यबीच तथा सिक्किम, भूटान, कुमाउ, गढवाल, तिब्बत, चीन तथा अंग्रेजसँगसमेत लडाइँ गरेको नेपालको इतिहास साच्चै गर्विलो छ । नेपालले तिब्बत, सिक्किम, भूटानजस्ता देशलाई लडाइँमा हराएर वीरता प्रस्तुत गरेको थियो भने तत्कालीन समयका स्वतन्त्र मूलुक कुमाउँ, गढवाललाई नेपालमा मिलाएको थियो ।

तिब्बतको गुहारपछि सहयोगका लागि आएको चीन र तिब्बतको अत्याधुनिक हातहतियार हितको विशाल संयुक्त सेनासँग वीरतापूर्वक लडेको नेपाली सेनाले लडाइँमा हार ब्योहोरे पनि चिनिया पक्षलाई ठूलो क्षति गराउँदै वार्ताका लागि बाध्य पारेको थियो । त्यस्तै, अंग्रेज तथा बंगाली सेनासँग पनि वीरतापूर्वक लडेको नेपाली सेनाले नेपाली जातिको वीरतालाई विश्वब्यापी बनाउन सफल भएको थियो । इतिहासमा भएका ति सबै लडाइँका साछीहुन्, हाम्रा गढी तथा किल्लाहरु ।

विभिन्न कालखण्डमा सत्रुको आक्रमणबाट बच्न तथा सुरक्षित तरिकाले प्रतिरक्षा गर्न निर्माण गरिएका गढी तथा किल्लाहरु देशका अमूल्य निधि हुन् । देशमा परापूर्वकालदेखि हालसम्म कयौं गढी तथा किल्लाहरु बने तथा भत्किए पनि । तर, देशभर दुईसय भन्दा बढी गढी अझ पनि इतिहास र वीर पुर्खाका वीरताका साछी बनेर बसिरहेका छन् ।

थुप्रै ऐतिहासिक प्रमाणका आधारमा इतिहासमा देशकै सबैभन्दा व्यस्त ठाउँ थियो, मकवानपुरको चिसापानीगढी । देशको दक्षिणी क्षेत्रबाट नेपाल खाल्डो प्रवेश गर्ने महत्वपूर्ण नाका भएकै कारण यहाँ भन्सार, राहदानी केन्द्र, कारागार लगायत महत्वपूर्ण सरकारी अड्डाहरु थिए ।

देशकै ठूला तोप मानिने कालीतोप, भैरब मन्दिर, आकाशेतोप, विशाल दमाहा जस्ता ऐतिहासिक चिजबिजले भरिपूर्ण छ चिसापानीगढी । पृथ्वीनारायण शाह तथा पछि राणाका पालामा बनेका भवनहरु अझै पनि यस क्षेत्रमा रहेका छन् । अग्रजका अनुसार वि.सं. २०२४ सालसम्म क्षेत्रीय कारागार यही गढी परिसरमै थियो । हेटौंडालगायत कतिपय तराईका जिल्लालाई राजधानीसँग जोढ्ने मदनभण्डारी मार्गबाट चिसापानीगढी हुँदै सयौं मोटर आवतजावत गर्ने गरे पनि निक्कै ऐतिहासिक महत्व बोकेको गढीको संरक्षण तथा सम्वर्द्धन गरेर पर्यटन प्रवर्द्धन गर्नेतर्फ विगतमा कसैले चासो नदिदा गढी क्रमश भग्नावशेषमा परिणत हुदै गएको थियो ।

पछिल्लो समयमा यसको संरक्षणमा भीमफेदी गाउँपालिकाले पहल थालेको छ । गढी क्षेत्रको बृहत्तर विकासका लागि २८ करोड रुपैयाँको योजना अघि सारेको गाउँपालिकासँग संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले समेत सहकार्य गर्ने भएको छ । हाललाई मन्त्रालय र गाउपालिकाको सहलगानीमा ५ करोड रुपैयाँ बराबरको संरक्षण तथा सम्बर्द्धन योजना सञ्चालन गर्न बोलपत्र आव्हान भएको भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले जानकारी दिए । उनका अनुसार गाउँपालिकाले यसअघि यहाँ पैदलमार्ग निर्माण गरिसकेको छ भने संरक्षणका लागि घेराबारको निर्माण गरेको छ ।

कुनैबेला नेपाल सरकारका तर्फबाट नेपालकै तराईक्षेत्र तथा भारत जाने नेपालीका लागि राहदानी जारी गर्ने एवम् भारतबाट नेपाल आएका तीर्थयात्रीको प्रवेशआज्ञा वितरण गर्ने तथा भन्सार एवम् राजश्व संकलन गर्ने स्थान हो चिसापानीगढी । नेपालमा ३५ वटा मात्रै जिल्ला रहेको बखतमा हालको चितवन र मकवानपुर जिल्ला सहितको ‘चिसापानीगढी जिल्ला’ पनि यही चिसापानीगढीको नाममा नामाकरण भएको बुढापाकाहरु बताउछन् । पछि बि.सं. २०१८ मा तत्कालीन राजा महेन्द्रले देशलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि चिसापानीगढी जिल्ला चितवन र मकवनपुरमा विभाजन हुन पुग्यो ।

त्यसपछि चिसापानीगढीको चर्चा कम हुन थाल्यो । मकवानपुरको सदरमुकाम पनि भीमफेदीबाट हेटौंडा सरेपछि त चिसापानीगढी इतिहासमा रुचि राख्ने सीमित नेपालीको मात्र चासोको बिषय बन्न पुग्यो । इतिहाससम्बन्धी लेखिएका केही लेखोटमा उल्लेख भएअनुसार वि.सं. १८०१ सालमा मकवानपुरका सेन राजाको पहलमा नजिकैका महत गाउँका वासिन्दाले गढीको निर्माण गरेका हुन् । लगत्तै नेपाल एकीकरणका लागि पृथ्वीनारायण शाहले यो गढीको पुनर्निर्माण गरेका थिए । इतिहासकारहरुका अनुसार उपत्यका बिजय गर्न पृथ्वीनारायणले चिसापानी गढी तथा चन्द्रागिरीगढीको प्रयोग गरेका थिए । गोर्खालीलाई हान्न आएका अग्रेजी फौजलाई पनि यो गढीमा पराजित गरिएको इतिहास छ ।

इतिहासको साछीको रुपमा रहेका थुप्रै अमूल्य निधिहरु मकवानपुरमा संरक्षणको पखाईमा छन् । मकवानपुरमा मकवानपुर गढी र चिसापानीगढी भग्नाबशेषको रुपमा रहेको छ भने पालुङको कोटथुम्कीगढी र चन्द्रागिरीगढीको अस्तित्व बिलीन हुने अवस्थामा छ । फापरबारीको झुरझुरेमा रहेको भनिएको राईको दरबार लोप भइसकेको छ । फापरबारीमा रहेको तामाङ (गोल्मे) राजाको दरबार लगभग बिलिन अवस्थामा छ । त्यस्तै हालको बकैया गाउँपालिकाको अम्बास लेकमा विशाल आकारको गढी फेलापरेको भएपनि ऐतिहासिकताको अध्ययन भएको छैन । यसअघि अस्बासगढीको चर्चा कहीकतै भएको पाइदैन तर, यो गढी सिन्धुलीको हरिहरपुरगढीभन्दा ठूलो र व्यवस्थित देखिन्छ ।

चिसापानीगढीमा अहिले पनि तोप, गोला यत्रतत्र छ । किल्लाभित्र अहिले पनि कालीतोप, आकाशेतोपलगायत युद्ध सामग्री छरिएर रहेको छ । जानकारहरुका अनुसार कालीतोप नेपाल अंग्रेज युद्धताका विक्रम सम्वत १८७१ देखि १८७३ को समयमा देशको सुरक्षाको लागि राखिएको हो । मकवानपुर गढी, सिन्धुलीगढी जस्तै यस क्षेत्र भएर आउने अंग्रेज सेनालाई लखेट्नका लागि यसको निर्माण भएको थियो । नेपाल अंग्रेज युद्धमा पनि यो गढी प्रयोग भएको पाइन्छ । इतिहासकारका अनुसार यस गढीमा हार खाएपछि अंग्रेजहरु सीमभञ्ज्याङको नाका हुँदै उपत्यका छिर्न गएको बताइन्छ । पछि तत्काल सुगौली सन्धीको वातावरण बनेपछि अंग्रेजहरु रोकिएका थिए ।

चिसपनीगढीको कालीतोप एकपटक मात्र प्रयोगमा आएको इतिहासका जानकारहरुको भनाइ छ । यस तोप पड्काउँदा यसको आवाजले यस किल्लावरपर रहेका गर्भवति महिलाको गर्भपतन भएकोले गर्भवति महिलालाई यसको वरपर जान तत्कालीन समयमा निषेध गरिएको थियो । यो चलन आजसम्म आईपुग्दा पनि कायम छ । यहाँ वटुकभैरवको मन्दिर भएकोले महिलालाई प्रवेश निषेध गरिएको बुढापाकाहरु बताउछन् ।

# पालिकामा कृषिसम्बन्धी अवधारणा प्रस्तुत गर्दै मउवासंघ

साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ मकवानपुर उद्योग वाणिज्य संघले कृषिसम्बन्धी अवधारणा प्रस्तुतिकरण गरेको छ । मकवानपुरका पालिकामध्ये कैलाश, राक्सिराङ र मनहरीमा पुगी संघको एक टोलीले कृषिसम्बन्धी अवधारणा प्रस्तुत गरेको हो ।

संघका सहकोषाध्यक्ष तथा कृषि प्रवर्द्धन समितिका संयोजक निलम पाण्डेको नेतृत्वमा समितिका सदस्यहरु राधिका सामरी पाण्डे, हरि शरण अधिकारी, विवेक सुवेदी, मकवानपुर जिल्ला बाख्रा व्यवसायी संघका ईन्द्रलाल थिङ, कृषिउद्यमी फेन्चु लामा, संघका कार्यकारी सचिव पवन कार्की समेत सात सदस्यीय टोली सोमबार स्थलगतरुपमा गाउँपालिका पुगेर कृषिसम्बन्धी अवधारणा प्रस्तुत गरेका थिए ।

कैलाशका अध्यक्ष लोकबहादुर मुक्तान, उपाध्यक्ष बालकुमार मल्लठकुरी र प्रमुख प्रशासकीय अधिकृत विनोद रोकाको उपस्थितिमा कृषिसम्बन्धी अवधारणा प्रस्तुत गरिएको थियो । पालिका अध्यक्ष मुक्तानले कैलाश गाउँपालिका भित्र कृषि पकेटक्षेत्र निर्धारण गरी काम भइरहेको, किसानले उत्पादन गरेका कृषिउपज बिक्रीको लागि हेटौंडालगायतका ठाउँमा पठाउने गरेको, पालिकामा कृषकले पशुपालन गरिरहेको, कतिपय समयमा कृषिउपजको प्रतिकिलो मूल्य भन्दा बढी ढुवानीको मूल्य हुने गरेकाले किसानले उचित मूल्य पाउन समस्या हुने गरेको बताए ।

कैलाश साविक कालिकाटार, डाँडाखर्क, गोगने, भार्ता र नामटार गाविसका २, ५ र ९ वडा मिलेर २०४.४८ बर्ग किलोमिटर क्षेत्रमा अवस्थित छ । तामाङ, चेपाङ, क्षेत्री, मगरलगायत जातजातिको बसोबास रहेको छ । कार्यक्रममा पशुपालन, खेती र जडिबुटी उत्पादन गरी आयआर्जन बढाउन आवश्यक रहेको, कृषिउपजको विविधकरण गर्नुपर्ने जस्ता थप विषयमा चर्चा गरिएको थियो ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल र प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलासमक्ष संघले तयार गरेको कृषिसम्बन्धी अवधारणापत्र प्रस्तुत गरेको थियो । राक्सिराङका अध्यक्ष मल्लले उद्योग वाणिज्य संघले कृषिको विषयलाई प्राथमिकता दिएकोमा प्रशन्नता व्यक्त गरे । प्रस्तुतिकरणमा आएका केही विषय कार्यान्वयन भइसकेको र केही बाँकी देखिएका सुझाव आगामी नीतिमा समावेश गरेर जाने बचनबद्धता व्यक्त गरे ।

उनले राक्सिराङमा चेपाङ र तामाङ समुदायको सबैभन्दा धेरै जनसंख्या रहेको, समुन्द्री सतहबाट ३०० देखि ३००० मिटर सम्मको जमिन रहेको, राज्यबाट अनुदान प्राप्त गर्न झन्झटिलो प्रक्रिया भएका कारण किसानमा उत्साह नरहेको, जडिबुटी उत्पादन बढाउने योजना रहेको र जडिबुटी पार्क स्थापना गरिसकेको, जमिनको अवस्था हेरी कृषिउत्पादनको सम्भाव्यता अध्ययन सम्पन्न गरेको, कृषि पकेट क्षेत्र बनाइ अनुदान दिन पालिका अग्रसर रहेको, शीतभण्डार निर्माण अगाडि बढेको, खैराङका दलित परिवारलाई पशुपालनको लागि पाडा वितरण गरिएको, वर्षाको सिजनबाहेकका महिनामा हरेक महिनाको १ र १५ गते स्थानीय सांस्कृतिक कार्यक्रमसहित हाटबजार संचालन भइरहेको बताए ।

पालिकाभित्र कृषि कर्जा लगानी गर्न बैंकहरु अनिच्छुक देखिएकोले कृषि विकास बैंक जस्ता बैंकले कर्जा प्रवाह गर्नुपर्ने, बाँझो जमिन उपयोगिताको लागि कार्यविधि निर्माण गरिने, स्थानीय रैथाने उत्पादन हेर्ने/खाने उद्देश्य राखी चेपाङ संग्राहलय निर्माणाधीन रहेको बताए । त्यसैगरी राक्सिराङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत गर्तौलाले किसानले उत्पादन गरेका मह, चिउरी, गेडागुडीहरु गुणस्तरीय रहेको र हाटबजारमा कोदो, फापरको पिठो, मकैलगायतका सामान प्रदर्शनी तथा बिक्री वितरण भइरहेको बताए ।

मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर र कृषि अधिकृतको उपस्थितिमा संघको कृषिसम्बन्धी अवधारणा प्रस्तुतिकरण गरिएको थियो । उपाध्यक्ष पुलामीमगरले पालिकाले यसपटक दुई करोड भन्दाबढी कृषि तथा पशुपालन क्षेत्रमा बजेट छुट्याएर काम गरिरहेको, ६ नं.वडामा अदुवा पकेट क्षेत्र र ९ नं. वडामा धान पकेट क्षेत्र निर्धारण गरी काम गरिरहेको, माटो परीक्षण, बाली उपचार, धान गहुँको वीउउत्पादन, विपन्न कृषक अनुदान कार्यक्रम चलाइरहेको, पालिका भित्र सबैजसो ठाउँमा यातायातको सहज पहुँच रहेकोले कृषकका उत्पादन ढुवानीमा सहजता रहेको भना राखिन् ।

तीनै पालिकाको कार्यक्रममा संघको कृषिप्रवर्द्धन समितिका सदस्य तथा कृषिउपज व्यवसायी अधिकारीले कृषि उत्पादनको बजारिकरणको लागि हेटौंडास्थित नेपाल फलफूल तथा तरकारी व्यापारी संघसँग समन्वय गर्दा सहज हुने बताए । कृषिप्रवर्द्धन समिति सदस्य तथा बाख्रा व्यवसायी सुवेदीले पशुधनको बीमा गर्नुपर्ने बताए । बाख्रा व्यवसायी थिङ र कृषिउद्यमी लामाले मन्तव्य राखेका थिए । कृषिप्रवर्द्धन समितिका संयोजक निलम पाण्डेले मकवानपुरका सबै पालिकामा पुगेर मकवानपुर उद्योग वाणिज्य संघको तर्फबाट कृषिसम्बन्धी अवधारणा प्रस्तुत गर्ने बताइन् ।

# ११ जना स्रष्ट्रालाई पुरस्कृत गर्दै भीम विराग प्रतिष्ठान




साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठानले ११ जना स्रष्ट्रालाई पुरस्कृत गर्ने भएको छ । प्रतिष्ठानले बैशाख २२ गते शनिबार हेटौंडामा सांगीतिक तथा साहित्यिक कार्यक्रम गर्दै एउटै मन्चबाट ११ जनालाई पुरस्कृत गर्ने भएको हो ।

मंगलबार प्रतिष्ठानले पत्रकार भेटघाट गरी पुरस्कारको जानकारी गराएको हो । भीम विराग सक्रिय रहेका साहित्य, संगीत, कला र पत्रकारिता चार वटा क्षेत्रमा हेटौंडा उपमहानगरको सहयोगमा ४ वटा पुरस्कारको स्थापना भएको प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठले जानकारी दिए । उनका अनुसार उपमहानगरको आर्थिक सहयोगमा स्थापना गरिएको भीम विराग राष्ट्रिय साहित्य पुरस्कार, २०८० कुन्ता शर्मा (सुनसरी) लाई, भीम विराग राष्ट्रिय संगीत पुरस्कार, २०८० लाल श्रेष्ठ (मकवानपुर) लाई, भीम विराग राष्ट्रिय कला पुरस्कार, २०८० बीएस राना (मकवानपुर) र भीम विराग राष्ट्रिय पत्रकारिता पुरस्कार, २०८० जयदेव भट्टराई (ललितपुर) लाई प्रदान गरिने छ । ४ वटै पुरस्कारको राशी जनही २५ हजार रुपैयाँ रहेको छ ।

प्रतिष्ठानले विगत वर्षदेखि नै भाषा, कला, संगीत तथा विभिन्न सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वलाई निरन्तर समर्पण गर्दै आइरहेका अन्य ७ पुरस्कार पनि शनिबार नै प्रदान गरिने छ । प्रतिष्ठानले तुलसीमाया शिवकुमारी सृजनशील नारी पुरस्कार, २०८० मञ्जु खराल, मकवानपुरलाई प्रदान गर्ने भएको छ । मुक्तिगोविन्द वैद्यले स्थापना गरेको पुरस्कारको राशी १५ हजार रुपैयाँ रहेको छ । यसैगरी भीम-मथुरा बालप्रतिभा पुरस्कार, २०८० ईशान्तकुमार मिश्र, मकवानपुरलाई प्रदान गरिने भएको छ । पुरस्कार संस्थापन विन्दुगोपाल गोर्खाली रहेको पुरस्कारको राशी ७ हजार ५ सय रहेको छ ।

यस्तै शिला नारी पुरस्कार, २०८० निरु मगर, मकवानपुरलाई प्रदान गरिने छ । पुरस्कारको राशी १५ हजार रहेको पुरस्कारका संस्थापक आशीष श्रेष्ठ रहेको छन् । रामकृष्ण बानियाँ स्मृति लोकसंगीत पुरस्कार, २०८० (साविक विजय बानियाँ स्मृति लोकसंगीत पुरस्कार) पम्फा थापामगर, मकवानपुरलाई प्रदान गरिने जानकारी दिइएको छ । संस्थापक चुन बानियाँ रहेको पुरस्कार राशी २० हजार रहेको छ । यसैगरी चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार, २०८० आरआर चौलागाईं मकवानपुरलाई प्रदान गरिने भएको छ । पुरस्कार संस्थापक रामबहादुर पाख्रिन रहेका छन् । पुरस्कारको राशी १५ हजार रहेको छ ।

यसैगरी १० हजार राशीको मंगलादेवी स्मृति स्वास्थ्यसेवा पुरस्कार, २०८० सीमा मिश्र, मकवानपुरलाई प्रदान गरिने भएको छ । पुरस्कारको संस्थापक देवप्रसाद श्रेष्ठ र दीपकप्रसाद श्रेष्ठ हुन् । यस्तै १० हजार राशी रहेको अजित सेन गुप्ता भिन्न क्षमता पुरस्कार, २०८० अन्जु धिताल, बारालाई प्रादन गरिने भएको छ । यो पुरस्कारका संस्थापक रोशन सेन गुप्ता रहेका छन् ।

वरिष्ठ कलासाधक भीम विरागको सम्मानमा २०५९ साल भाद्र ७ गते स्थापना भएको भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपाल नेपाली संगीत, साहित्य र कला क्षेत्रमा क्रियाशील संस्था रहेको महासचिव छवि अनित्यले बताए । देश तथा विदेशमा रही नेपाली वाङ्मयको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका सर्जक, स्रष्टालाई सम्मानित एवम् पुरस्कृत गरिने उनले बताए । संस्थाले मकवानपुरबाट वार्षिक रुपमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मान समर्पण गर्दै आइरहेको जानकारी दिए ।

# सामुदायिक महिला विकासकेन्द्रद्वारा दुई विद्यालयलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ सामुदायिक महिला विकास केन्द्रको आयोजनामा मकवानपुरको दुई विद्यालयमा सरसफाई तथा कुहिने र नकुहिने फोहोर व्यवस्थापन सामग्री हस्तान्तरण भएको छ ।

खानेपानी सरसफाइ डिभिजन नम्बर १ मकवानपुरको सहयोगमा मकवानपुरगढी गाउँपालिका-५ मा रहेको शारदा मावि र बकैया-७ भिरकोटमा रहेको जनक माविमा कार्यक्रम भएको हो । सचेतनासहित समुदाय तहमा स्वच्छ र सुरक्षित खानेपानी सम्बन्धि तालिम समेत प्रदान गरिएको थियो ।

दुवै विद्यालयलाई सरसफाइ तथा कुहिने र नकुहिने फोहर व्यवस्थापन सामग्री समेत सहयोग गरिएको हो । संस्थाका सचिव निलम देवकोटाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाको प्रमुख आतिथ्यता रहेको थियो । प्रमुखअतिथि डीनाले सरसफाई र खानेपानीमा ध्यान नदिँदा ग्रामीण क्षेत्रमा धेरै सर्वसाधारण विभिन्न रोगको संक्रमणमा पर्ने गरेको भन्दै यसतर्फ ध्यान दिन अनुरोध गरिन् ।

‘गर्मी बढ्दो छ । गर्मीमा यसैपनि विभिन्न रोगले आक्रमण गर्दछ, यो समयमा खानेपानी र सरसफाईमा विशेष ध्यान दिन जरुरी छ’, कांग्रेस सहमहामन्त्री डीनाले भनिन्, ‘विद्यालयस्तरमा यस्ता कार्यक्रम गर्दा सचेतना अभियानमा पक्कै टेवा पुग्ने विश्वास लिएका छौं ।’

मकवानपुरगढीमा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य लक्ष्मीदेवी श्रेष्ठ, मकवानपुर गढी गाउँपालिका अध्यक्ष दोर्जे स्याङ्तान, वडाअध्यक्ष दीपेश दाहाल, प्रधानाध्यापक ईन्द्र कार्की, कांग्रेसका नेता आनन्दराम पराजुली, यतीराज सापकोटा, प्रमिला खतिवडा, ईश्वर पण्डित, भीम लामा, उत्सव ईटेनी, संजय श्रेष्ठ, खानेपानी तथा सरसफाइ डिभिजन नम्बर १ का अधिकृत सुभद्रा रेग्मी, प्रशिक्षक प्रल्हाद तिमल्सिना, संस्थाका सदस्य ईश्वरी शिल्पकार, अमृता थापालगायतको आतिथ्यता रहेको थियो ।

यस्तै बकैयामा भएको कार्यक्रममा कांग्रेस नेताहरु दामोदर खनाल, मीठाराम दाहाल, सुनिल अधिकारी, राजन घिमिरे, रामशरण माझीलगायत उपस्थित थिए । आगामी दिनमा मकवानपुरका अन्य विद्यालयमा समेत सामग्री सहयोग र तालिमको आयोजना गरिने सामुदायिक महिला विकास केन्द्रका सचिव निलम देवकोटाले जानकारी दिइन् ।

**श्रमिकको अधिकार सुनिश्चित गरौं**

- श्रम र श्रमिकको सम्मान गरौं ।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं ।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं ।
- श्रमिक र रोजगारदाताबीच सौहाद्रपूर्ण सम्बन्ध कायम गरौं ।
- श्रमिकको योगदानको कदर गरौं ।

*“श्रमको सम्मान, राष्ट्रको अभियान”*

*अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

SPU सुदिन प्याकेजिङ उद्योग हेटौंडा, मकवानपुर

**सुदिन प्याकेजिङ्ग उद्योग**

हेटौंडा-४, मकवानपुर

९८४५२६२५२२, ९८५५०७२६२३